नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
राष्ट्रिय बाल अधिकार परिषद्
National Child Rights Council-NCRC
श्रीमहल, पुल्चोक, ललितपुर

पत्र संख्या : २०८२/८३
चलानी नं. : ४२२

मितिः २०८२/०८/१९

श्री स्थानीय तह सबै (७५३) ।

विषयः- स्थानीय बाल अधिकार संरक्षण तथा सम्वर्धन संस्थागत संयन्त्र स्थापना तथा परिचालन सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा बालबालिकाको अधिकार तथा हक हितको संरक्षण, सम्वर्धन, सम्मान, प्रवर्धन तथा परिपूर्ति गर्न बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६०,६१,६२ र ६३ बमोजिम प्रत्येक स्थानीय तहमा स्थानीय बाल अधिकार समिति गठन तथा परिचालन, बाल कल्याण अधिकारीको नियुक्ति, स्थानीय बाल कोषको स्थापना तथा सञ्चालन, समाजसेवी तथा बाल मनोविज्ञको सूचीकरण तथा नियुक्ति गर्नु पर्ने र यस्ता विशिष्टीकृत बाल अधिकार संरक्षण संस्थागत संयन्त्र क्रियाशील बनाउन प्रत्येक स्थानीय तहले बाल अधिकार संरक्षण तथा सम्बर्धन सम्बन्धी एकीकृत कार्यविधि निर्माण गरी लागू गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ । यस्तो कानूनी व्यवस्था कार्यान्वयनका लागि यस परिषद्ले स्थानीय तहका नमूनाका लागि "बाल अधिकार संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन सम्बन्धी एकीकृत कार्यविधि, २०७९" स्वीकृत गरी परिषद्को वेबसाइटमा राखेको छ भने नेपाल सरकारका सम्बन्धित मन्त्रालयमार्फत हालसम्म तीन पटक परिपत्र समेत गरिसकेको छ ।

यस परिषद्लाई आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्म प्राप्त पत्र तथा जानकारी अनुसार ७५३ वटा स्थानीय तहमध्ये ३९४ स्थानीय तहमा स्थानीय बाल अधिकार समिति गठन तथा परिचालन, ४९० मा बाल कल्याण अधिकारी तोकिएको तथा नियुक्ति गरिएको, ३१० मा बाल कोषको स्थापना तथा सञ्चालन गरिएको, ३३ वटा स्थानीय तहमा ९३ जना समाजसेवी तथा बाल मनोविज्ञको सूचीकरण तथा नियुक्ति गरिएको र ४४२ वटा स्थानीय तहले बाल अधिकार संरक्षण तथा सम्वर्धन सम्बन्धी एकीकृत कार्यविधि निर्माण गरी लागू गरेको तथ्याङ्क विवरण रहेको छ । अतः हालसम्म यस्ता बाल अधिकार संरक्षण तथा सम्वर्धन संस्थागत संयन्त्र गठन, नियुक्ति, परिचालन तथा सञ्चालन नगरेका स्थानीय तहले यथासम्भव गठन, नियुक्ति, परिचालन सम्बन्धी व्यवस्था गर्नहुन र यस्तो व्यवस्था गरिएका स्थानीय तहले थप क्रियाशील बनाई संयन्त्रहरु परिचालन तथा सञ्चालन गर्नहुन बालबालिका सम्बन्धी नियमावली,२०७८ को नियम ७६को उपनियम (१)खण्ड(क) अनुसार सादर अनुरोध छ ।

२०८२०८१९

रामबहादुर चन्द
अधिकृत

बोधार्थ तथा समन्वयार्थः-

श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री सामाजिक विकास मन्त्रालय तथा बालबालिकाको विषय हेर्ने मन्त्रालय सातै प्रदेश ।
श्री जिल्ला समन्वय समिति महासंघ नेपाल, बबरमहल, काठमाडौं ।
श्री नेपाल नगरपालिका संघ, लाजिम्पाट, काठमाडौं ।
श्री गाउँपालिका राष्ट्रिय महासंघ नेपाल, अनामनगर, काठमाडौं ।



फोन नं.: ०१- ५४५०१२१, ५४५०१२४, ५४५०१४७
Tel. : 01-5450121, 5450124, 5450147
E-mail : contact@ncrc.gov.np
Website : www.ncrc.gov.np
E-Portal : www.childrights.gov.np